नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७९ बैशाख र जेठ महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-२ अंक-१०

## १. परिचय

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरूप बाल अधिकारको संरक्षण र संवर्द्धनका कार्यहरू गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद्को गठन भएको छ । यस परिषद्ले तिनवटै तहका सरकारहरूलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरू गर्ने परिषद्को जिम्मेवारी रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र संवर्द्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषद्ले २०७९ बैशाख र जेठ महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर बैशाख र जेठ महिनामा हराएका उजुरी परेका ९७६ जना (बालक २४३ र बालिका ७३३) बालबालिकाको खोजतलास गरी ४८९ जना (बालक १४० र बालिका ३४९) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने ४८७ जना बालबालिका (बालक १०३ र बालिका ३८४)को खोजतलास कार्य जारी रहेको छ । त्यसैगरी वेवारिस अवस्थामा ४० जना (बालक ८ र बालिका ३२) बालबालिका फेला परेका थिए । जसमध्ये १३ (बालक १० र बालिका ३) जना बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने २७ (बालक २२ र बालिका ५) बालकलाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।




*नोटः राष्ट्रिय बाल अधिकार परिषद्ले मासिक रुपमा प्रकाशन गर्दै आइरहेको सार्वजनिक जानकारीपत्र बैशाख महिनामा स्थानीय तहको निर्वाचनका कारण दुई महिनाको एकै पटक प्रकाशन गरिएको छ ।*

ख) वैशाख र जेठ मिहनामा २९ जना सडक बालबालिका (बालक २६ र बालिका ३) को उद्धार गरिएको छ भने गत महिनासम्म अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका ८ जना बालकलाई परिवारमा पुनर्मिलन गरिएको छ । २१ जना बालबालिका (बालक १८ र बालिका २) लाई अस्थायी संरक्षणा सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको ५ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा निरन्तर सहयोग हुँदै आइरहेको छ । जस अनुसार कैलाली १२, बाँके ४, सुर्खेत ५४, दैलेख ५, चितवन ६, कालिकोट ८, कास्की ९, बारा १, धनुषा १०, उदयपुर ७, रूपन्देशी १०, मकवानपुर २०, सुनसरी ८, मोरङ्ग १६, काठमाडौंबाट ५३, इलाम ४ र संखुवासभाबाट २ जना गरी जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका कूल २२९ जना (बालक १११ र बालिका ११८) बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये १०९ जना बालबालिका (बालक ५४ र बालिका ५५)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ७४ जना (बालक ३४ र बालिका ३९)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने ४४ जना (बालक २३ र बालिका २१)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को चैत्र मसान्तसम्म कुल ९७५४ जना बालबालिका (बालक ३९४७ र बालिका ५८०७)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| **क्र.स.** | **सहयोगको विवरण** | **बालक** | **बालिका** | **जम्मा** |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोग | १८२ | ३१४ | ४९६ |
| २. | मनोसामाजिक मनोविमर्श | ११४७ | १४३६ | २५८३ |
| ३. | पारिवारिक परामर्श | १०१२ | १४३२ | २४४४ |
| ४. | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | ३७२ | ५२० | ८९२ |
| ५. | कानूनी परामर्श | २२३ | ५६१ | ७८४ |
| ६. | शैक्षिक सहयोग | ४०० | ६२३ | १०२३ |
| ७. | आयआर्जन सहयोग | ११ | १७ | ८६ |
| ८. | बाल विवाह रोकथाम सहयोग | ३८ | १७२ | २१० |
| ९. | अन्य सहयोग | ५६२ | ७३२ | १२९४ |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | ३९४७ | ५८०७ | ७७५२ |

(घ) वैशाख र जेठ महिनामा चितवन जिल्लाका ३७, तनहुँ जिल्लाको १, सुर्खेत ८ र कास्की जिल्लाका ३७ गरी ८३ वटा बालगृहको स्थलगत अनुगमन गरिएको थियो जसमा २२५५ (बालक १०२८ र बालिका १२२९) जना बालबालिका संरक्षित रहेका छन् ।अनुगमन गरिएका मध्ये ७१ वटा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन् भने ४ वटा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका छन् । १० वटा बालगृह बन्द भएको छ र ३ वटा बालगृह स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहमा दर्ता भइ सञ्चालित रहेका छन् ।

(ङ) गत दुई महिनामा विध्यमान कानूनी व्यवस्था अनुसार बालगृह सञ्चालन गर्न नसक्ने अवस्था देखिएका कारण ५ वटा संस्थाहरुलाई बालगृह बन्द गर्न निर्देशन प्रदान गरिएको छ भने बालगृहमा संरक्षित मध्ये अभिभावक भएका बालबालिका र १८ वर्ष उमेर पुरा भएका किशोरकिशोरीलाई पारिवारिक लेखाजोखा गरी उपयुक्त देखिएमा स्थानीय तहको रोहवरमा परिवारमा पुर्नमिलन गराई राष्ट्रिय बाल अधिकार परिषद्लाई जानकारी गराउनको लागि ३६ वटा बालगृहलाई निर्देशन गरिनुका साथै ती ३६ वटै बालगृहहरुलाई सोसम्बन्धी लिखित प्रतिवद्धता समेत गराइएको छ । यसका साथै यस महिनामा ११ वटा बालगृह बन्दगरी राष्ट्रिय बाल अधिककार परिषद्लाई जानकारी गराइएको छ ।

(ङ) यस महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका १७ वटा बालगृहका १३९ जना (बालक ७९ र बालिका ६०) बालबालिकालाई बालगृहहरूले पारिवारिक पुनर्मिलन गराएका छन्।

(छ) परिषद्को चालु आ.व. २०७८/७९ वार्षिक स्वीकृत कार्यक्रम बमोजिम अपाङ्गता भएका बालबालिकालाई सम्भावित उपचार, पुनः स्थापना सहायता तथा कृतिम हातखुट्टा निर्माण एवम् सहयोग उपलब्ध गराउनको कार्यक्रम अन्तरगत जम्मा ३८ जना बालबालिकालाई उपचार सेवा प्रदान गरिएको छ ।

(ज) विभिन्न जिल्लाका अभिभावक विहीन, अभिभावक शारीरिक रुपमा असक्तताका कारणले संरक्षणको आवश्यकता भएका २७

*नोटः राष्ट्रिय बाल अधिकार परिषद्ले मासिक रुपमा प्रकाशन गर्दै आइरहेको सार्वजनिक जानकारीपत्र वैशाख महिनामा स्थानीय तहको निर्वाचनका कारण दुई महिनाको एकै पटक प्रकाशन गरिएको छ ।*

जना (बालक १७ र बालिका १०) बालबालिकालाई संस्थागत संरक्षणको प्रबन्ध गरिएको छ भने ११ (बालक ८ र बालिका ३) जनाको अस्थायी संरक्षणको व्यवस्था गरिएको छ।

(ञ) बस्तु विनिमय नियमन पेशामा संलग्न रहेका ५५ (बालक ३९ र बालिका १६) जना बालबालिकाको उद्धार गरिएको छ । उद्धार गरिएका मध्ये ५० (बालक ३४ र बालिका १६) जनालाई परिवारमा पुनर्मिलन गरिएको छ । कानून विपरित बालश्रमिकको रुपमा राखि कठिनपूर्ण काममा लगाइएको अवस्थाबाट ५ (बालक ४ र बालिका १) जनालाई उद्धार गरी संरक्षणको व्यवस्था मिलाइएको छ भने बालश्रम गराउने उपर श्रम तथा रोजगार कार्यालय मार्फत कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाइएको छ ।

(ट) विशेष संरक्षणको आवश्यकता भएका १२ (बालक ८, बालिका ४) जना बालबालिकालाई आर्थिक सहयोग प्रदान गरिएको छ । उक्त बालबालिका मध्ये ६ जनालाई क्यान्सर भएको, १ जनालाई शैक्षिक सहयोग र ५ जनालाई विभिन्न किसिमका स्वास्थ्य उपचारका निम्ति आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

(ठ) मिति २०७९ साल बैशाख २२ गते राष्ट्रिय बाल अधिकार परीषद्, श्रम तथा रोजगार कार्यालय काठमाडौं, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ काठमाडौं, सम्बन्धित स्थानीय प्रहरी र बालहेल्पलाइन १०९८ काठमाडौंको पहलमा काठमाडौं जिल्ला धोबिचौर, बानेश्वर, बागबजार र जोरपाटी दक्षिणढोकाबाट बालबालिकालाई कठिनपूर्ण बालश्रम गराइएको अवस्थाबाट १३ जना बालक र १ जना बालिका सहित १४ लाई उद्धार गरी अस्थायी संरक्षण प्रबन्ध गरिएको छ । बालश्रम गराउनेलाई कानून बमोजिम नियमन र बालबालिकाको थप संरक्षणका निम्ति कार्य अगाडि बढाइएको छ ।

(ठ) २०७९।०१।३० गते धामी झाक्रीको वहानामा फुलपाती सेलाउन कोशी नदी जाने भनी वर्ष १५ की बालिकालाई अपहरण गरी वेपत्ता बनाएको विषयमा राष्ट्रिय बालअधिकार परिषद्, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ विराटनगरले खोजतलास केन्द्रको निर्दिष्ट गरिएको कार्य जिम्मेवारीका आधारमा यस कार्यमा सुक्ष्म रुपमा कार्य गर्दै मिति २०७९।२।२८ गतेबाट खोजि कार्य व्यापक बनाएको थियो । यसै सिलसिलामा मिति २०७९।०३।०३ गते राती ११ वजे भारतको हरियाणा स्थित अम्वाबाट सानाहात नेपालको सहयोगमा बालिकाको सकुसल उद्धार गरिएको छ । बालिका लैजाने अपहरणकारीको खोजी भईरहेको र बालिकालाई बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ विराटनगरको समन्वयमा साना हातहरु संस्थाबाट नेपाल ल्याउने व्यवस्था मिलाईएको छ ।

(ड) मधेश प्रदेश, रौतहट जिल्ला, कटहरिया नगरपालिका वडा नं.६ को वर्ष १६ को बालक विगत ३ महिनाबाट हराएको र नीज बालकलाई दिल्ली स्थित आफन्त नेपालको सहजीकरणमा उद्धार गरी नेपालमा राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ मधेश प्रदेश र प्रदेश नं.१ बाट परिवार खोजी गरी मिति २०७९ बैशाख २१ गते बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ विराटनगरवाट परिवारको जिम्मा लगाईयो ।

(ढ) रौतहट जिल्ला राजपुर नगरपालिका- ०७, घर भै भारतको दिल्लीमा उच्च जोखिमको अवस्थामा रहेका ३ जना बालकलाई KIN, INDIA को सहयोगमा बाल कल्याण समिति भारतले उद्धार गरी दिल्ली स्थित बाल सहयोग नामक संस्थामा अस्थायी संरक्षण प्रदान गरिरहेकोमा मिति २०७९ साल बैशाख ०७ गतेका दिन निज बालकलाई पारिवारिक पुनर्मिलन गरिएको छ।

## ४. समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) स्थानीय तह निर्वाचन वैशाख निर्वाचन आचारसंहिता २०७८ को परिच्छेद २ मा सबैले पालना गर्नुपर्ने आचरण अन्तर्गत दफा ४ को उपदफा (ग) मा कुनै विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने, दफा ४ को उपदफा (छ) मा अठार वर्ष पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने दफा १२ को उपदफा (ट) मा निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा अठार वर्ष उमेर पुरा

*नोटः राष्ट्रिय बाल अधिकार परिषद्ले मासिक रुपमा प्रकाशन गर्दै आइरहेको सार्वजनिक जानकारीपत्र बैशाख महिनामा स्थानीय तहको निर्वाचनका कारण दुई महिनाको एकै पटक प्रकाशन गरिएको छ ।*

नभएका बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्था उल्लेख गरिएको छ । सो बमोजिम बाल अधिकार उलंघनका घटनाको अनलाइन मार्फत सूचना एकिकृत गर्ने उद्देश्यका साथ राष्ट्रिय बाल अधिकार परिषद्ले बाल कल्याण अधिकारी, बाल अधिकार सम्वाहक र पर्यवेक्षक संस्था लगायतका व्यक्तिहरु जम्मा ७७ (पुरुष ३० र महिला ४६) जनालाई अभिमूखीकरण कार्यक्रम गरेको थियो ।

उपयुक्त अभिमूखीकरण कार्यक्रम पश्चात परिषद्ले तयारी गरेको गुगल फममा स्थानीय तहको निर्वाचनका क्रममा बालबालिकाको प्रयोग सम्बन्धी ३१ वटा घटना दर्ता भएका थिए । उक्त घटनामा ६०० (बालक ३९६ र बालिका २०४) जना बालबालिका विभिन्न (प्रचारप्रसार, सांस्कृतिक कार्यक्रम, विजय उत्सव) राजनीतिक गतिविधिमा समावेश तथा सहभागी भएको देखिएको छ । यस परिषदमा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजोप)ले निर्वाचनका क्रममा १५४ वटा बालबालिकाको प्रयोग भएका घटना विवरण संकलन गरेको जानकारी गराएको छ ।

(ख) राष्ट्रिय बाल अधिकार परिषद्ले मिति २०७९ जेठ १२, गतेका दिन कर्णाली प्रदेशको सुर्खेत जिल्लाको विरेन्द्रनगर भित्र सञ्चालित आवासीय बालगृहका सञ्चालक, पदाधिकारी तथा कर्मचारीहरुलाई बालगृह सञ्चालन सम्बन्धी प्रचलित ऐन, मापदण्ड, वैकल्पिक स्याहार साथै बालबालिकाको पारिवारिक पुनर्मिलनबारे अभिमूखीकरण कार्यक्रम सम्पन्न गरेको छ । ८ वटा बालगृहको २१ (११ पुरुष र १० महिला) जनाको सहभागिता रहेको उक्त कार्यक्रममा सहभागीले प्रचलित ऐन तथा मापदण्डले व्यवस्था गरे अनुरुप बालबालिकाको उच्चतम हितलाई मध्यनजर गरी बालबालिकाको पारिवारिक लेखाजोखाको थालनी गरी बाबुआमा वा अभिभावक भएका बालबालिकालाई पारिवारिक पुनर्मिलन गराई परिषद्लाई जानकारी गराउने प्रतिवद्धता व्यक्त गर्नु भएको छ।



(ग) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण, मन्त्रालयको परिपत्र पश्चात र स्थानीय तहसँगको निरन्तर अन्तरक्रियाबाट स्थानीय तहमा बाल अधिकारको कार्यन्वयनका लागि हालसम्म २८१ वटा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वद्धर्न कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १९६ स्थानीय तहमा बाल अधिकार समिति गठन भएको छ । यसका साथै १८६ स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १७३ स्थानीय तहमा बालकोष स्थापना गरी परिचालन भएको छ ।

**बालबालिका सम्बन्धी ऐन २०७५ मा भएका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था**


| प्रदेश | बाल अधिकार समिति | बालकोष | बाल कल्याण अधिकारी | बाल संरक्षणा तथा संवर्द्धन कार्यविधि |
|---|---|---|---|---|
| प्रदेश नं १ | ४० | ३० | ५० | ७६ |
| मधेश | ३८ | ११ | ४४ | ४५ |
| बागमती | ५६ | ६४ | २७ | ७४ |
| गण्डकी | १३ | १५ | ११ | ११ |
| लुम्बिनी | ११ | १५ | ६ | १७ |
| कर्णाली | २३ | १६ | ४१ | ३५ |
| सुदूरपश्चिम | १५ | २२ | ७ | २३ |
| **जम्मा** | **१९६** | **१७३** | **१८६** | **२८१** |


## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम


घ) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७९ जेठ मसान्तसम्म २० वर्षसम्मका ८६ हजार ४ सय २२ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका २२ हजार ३ सय १४ जना बालबालिका (बालक १३०११ र बालिका ९३०३) प्रभावित भएको देखिन्छ ।


*नोटः राष्ट्रिय बाल अधिकार परिषद्ले मासिक रुपमा प्रकाशन गर्दै आइरहेको सार्वजनिक जानकारीपत्र वैशाख महिनामा स्थानीय तहको निर्वाचनका कारण दुई महिनाको एकै पटक प्रकाशन गरिएको छ ।*

कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना, दोस्रो भेरियन्टका कारण ५० र तेस्रो भेरियन्टका कारण २ गरी जम्मा ९० जना बालबालिकाले कोभिडका कारण जीवन गुमाउनु परेको छ । स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार चैत्र मसान्तसम्ममा १२ देखि १८ वर्षका ३१ लाख ४५ हजार ४ सय ५१ जना बालबालिकाले पहिलो डोज खोप लगाइसकेका छन् भने २५ लाख ८४ हजार ४ सय २९ जना बालबालिकाले दुवै डोज खोप प्राप्त गरिसकेका छन्। कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।








## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका ३५ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc

*नोटः राष्ट्रिय बाल अधिकार परिषद्ले मासिक रुपमा प्रकाशन गर्दै आइरहेको सार्वजनिक जानकारीपत्र बैशाख महिनामा स्थानीय तहको निर्वाचनका कारण दुई महिनाको एकै पटक प्रकाशन गरिएको छ ।*